जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- १५, २०८१ मंसिर ६ गते विहीबार, 21 Nov. 2024, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

उपनिर्वाचनले चुनावी महोल बनाउँदै

○ सहीखबर संवाददाता

मकवानपुर । आगामी मंसिर १६ गते स्थानीय तहमा रिक्त रहेका ४४ पदको उपनिर्वाचन हुदैंछ । गत स्थानीय तहको निर्वाचनमा नेकपा माओवादी केन्द्रले जितेको हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ को वडाध्यक्ष पदमा उपनिर्वाचन हुँदैछ ।

वडा अध्यक्षमा विजयी लतिल बहादुर घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुखमा निर्वाचित भएपछि उक्त पद रिक्त भएको थियो । पद रिक्त भएको स्थानका लागि निर्वाचन आयोगले उपनिर्वाचन गराउने भएको हो । विभिन्न कारणले रिक्त रहेका जिल्ला समन्वय समिति प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उपनिर्वाचन हुनेछ ।

रिक्त रहेका ४४ पदका लागि हुने उपनिर्वाचन मध्येको एक स्थान हेटौंडा नगरपालिका १२ नम्बर वडा हो । मकवानपुर जिल्लाको उक्त एक स्थानको लागि मात्र निर्वाचन हुने भएकाले जिल्लामा क्रियाशील राजनैतिक दलहरु कसरी स्थान सुरक्षित गर्न सकिन्छ भन्ने रणनीति र उम्मेदवार छनौटमा लागेका छन् ।

माओवादीलाई गुमेको वडा अध्यक्ष पद फिर्ता गर्ने चुनौती छ भने एमाले र काँग्रेसलाई एक स्थान थप्ने चुनौती रहेको छ । अन्य साना दलहरुले पनि निर्वाचनको तयारीमा जुटिरहेका छन् । जसले गर्दा उपनिर्वाचन रोचक हुने देखिन्छ । एमाले, काग्रेंस र माओवादी बीचमै त्रिपक्षिय भिडन्त हुने देखिन्छ । माओवादी, एमाले, माओवादी र स्वतन्त्रसहित १४ जना उम्मेदवार चुनावी मैदानमा प्रतिस्पर्धाको लाति उत्रिएकोमा २ जना स्वतन्त्र उम्मेदवारले उम्मेदवारी फिर्ता लिएका छन् ।

हेटौंडा-१२ मा नेपाली कांग्रेस, नेकपा एमाले,नेकपा माओवादीसहित अन्य दल तथा स्वतन्त्र समेत गरी १४ जना उम्मेदवारले उम्मेदवारी दिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार ९ जना दलका र ५ जना स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गराएका हुन् । १४ जना मध्ये ११ जना पुरुष र ३ जना महिला उम्मेदवार छन् ।

हेटौंडा १२ मा उम्मेदवारी दिने उम्मेदवारहरुमा नेपाली कांग्रेसका अर्जुनप्रसाद तिवारी, नेकपा एमालेबाट बाँकी पेज ६ मा

रोमाञ्चक भेट्रान्स

लेकसाइड, पशुपति, जोरपाटी र नागस्वती बी विजयी

○ सम्झना घिमिरे



मकवानपुर । हेटौंडामा जारी तेस्रो राष्ट्रिय रनिङ शिल्ड एठ ए साइड भेट्रान्स कप फुटबल प्रतियोगितामा बुधबार ४ खेल भएको छ ।

बुधबारको खेलबाट लेकसाइड भेट्रान्स पोखरा, पशुपति भेट्रान्सले बिरगंज, जोरपाटी भेट्रान्स र नागस्वती भेट्रान्स बि विजयी भए ।

बुधबारको पहिलो खेलमा लेकसाइड भेट्रान्स पोखराले बिरगंज युनिटी भेट्रान्सलाई ३ का विरूद्ध १ गोल गर्दै विजयी भएको हो । लेकसाइडको तर्फबाट ९ औ मिनेटमा कन्या सुब्बा गुरूङले एक गोल र राजु हमालले ४६ औं मिनेटमा एक गोल गरेका थिए । यस्तै बिरगंज युनिटिको तर्फबाट ४८ औ मिनेटमा सान्त्वना गोल गरेका थिए । खेलमा लेकसाइड भेट्रान्सका खेलाडी कन्या सुब्बा गुरूङ म्यान अफ द म्याच घोषित भएका थिए ।

यस्तै दोस्रो खेलमा पशुपति भेट्रान्सले बिरगंज युथ एकेडेमी भेट्रान्सलाई ट्राइब्रेकरमा ३-१ ले जित हासिल गरेको थियो । खेलमा निर्धारीत समयमा एकएक गोल भएपछि खेलको नतिजा ट्राइब्रेकरबाट लिइएको थियो । खेलको ३५ औं मिनेटमा पशुपति भेट्रान्सको तर्फबाट मदन श्रेष्ठ र बिरगंज युथका तर्फबाट १२ औं मिनेटमा संजय मण्डलले गोल गरेका थिए । ट्राइब्रेकरमा पशुपतिको तर्फबाट जितेन्द्र कर्मचार्य र मदन लामाले एक एक गोल गरेका थिए भने बिरगंज युथका तर्फबाट रामबाबु चौधरीले गोल गरेका थिए । खेलको म्यान अफ द म्याच पशुपति भेट्रान्सका नवराज केसि घोषित भएका थिए ।

बुधबारको तेस्रो खेलमा जोरपाटी भेट्रान्स बिजयी भएको छ । जोरपाटीले बिरगंज सिटि भेट्रान्सलाई ट्राइब्रेकरमै ३-१ ले पराजित गरेको हो । निर्धारित समयको खेल बराबरीमा रोकिएपछि खेल ट्राइब्रेकरमा धकेलिएको थियो । ट्राइब्रेकरमा जोरपाटी भेट्रान्सको तर्फबाट बिकाश श्रेष्ठ र राकेश लामाले गोल गरेका थिए भने बिरगंज सिटिको तर्फबाट रामबाबु चौधरीले गोल गरेका थिए ।

यस्तै चौथो खेलमा आयोजक नागस्वती भेट्रान्स बिले अभिषेक चर्च नवलपरासीलाई ४-० गोलले हराउँदै जीत निकालेको हो । नागस्वतीको तर्फबाट खेलको मिलेन्द्र देवानले ७ औ, ३१ औं र ३९औं मिनेटमा तीन गोल गरेका थिए भने ३० औं मिनेटमा क्याप्टेन निमा लामाले एक गोल गरेका थिए । खेलको म्यान अफ द म्याच नागस्वती भेट्रान्सका मिलेन्द्र देवान घोषित भएका थिए ।

मङ्गलबार देखी हेटौंडामा दुई लाख राशिको तेस्रो राष्ट्रिय रनिङ शिल्ड एठ ए साइड भेट्रान्स कप फुटबल प्रतियोगिता सुरू भएको हो । नागस्वती भेट्रान्स क्लबको आयोजनामा सुरू भएको प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष दामोदर गौतमले गरे । उनले स्वास्थ्यको लागि खेलकुद महत्वपूर्ण रहेको बताए । कार्यक्रममा जिल्ला फुटबल संघका अध्यक्ष टिका लामा, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, अमेरिका निवासी युवा व्यवसायी गौरव बस्नेतलगायतले खेलको सफलताको शुभकामना दिएका थिए ।

मंगलबारको उद्घाटन खेलमा आयोजक नागस्वती भेट्रान्स ए ले र एनजेजेमिसी भेट्रान्स सिमरालाई ३-१ गोल अन्तरले विजयी सुरूवात गरेको थियो । खेलको १३,३७ र ३३ औ मिनेटमा नागस्वती भेट्रान्सका तर्फबाट डेबिन श्रेष्ठले तिन गोल गरेका थिए भने एनजेजे भेट्रान्सको तर्फबाट खेलको दोस्रो मिनेटमा रत्न बहादुर खत्रीले एक मात्र गोल गरेका थिए । खेलको म्यान अफ द म्याच नागस्वती भेट्रान्सका डेबिन श्रेष्ठ घोषित भएका थिए ।

यस्तै मङ्गलबारको दोस्रो खेलमा हेटौंडा भेट्रान्स विजयी भएको छ । हेटौंडाले पश्चिम चितवन भेट्रान्सलाई ४-० गोल अन्तरले पाखा लगायो । खेलको १४,५१ र ५३ औ मिनेटमा हेटौंडा भेट्रान्सको तर्फबाट रितेस थापाले तिन गोल र सुबिन घिमिरेले ३३ औ मिनेटमा एक गोल गरेका थिए । खेलको म्यान अफ द म्याच हेटौंडा भेट्रान्सका रितेस थापा घोषित भएका थिए ।

यस्तै मंगलबारको तेस्रो खेलमा चितवन भेट्रान्सले निजगढ भेट्रान्सलाई ३-१ गोलले हराएको थियो । चितवनका तर्फबाट खेलको १७ मिनेटमा सुरेन्द्र चौधरी र ३९ औ मिनेटमा विष्णु दराईले गोल गरेका थिए भने निजगढ भेट्रान्सका तर्फबाट खेलको ३४ औ मिनेटमा भीम लामाले एक गोल गरेका थिए । खेलको म्यान अफ द म्याच चित्तवन भेट्रान्सका विष्णु दराई घोषित भएका थिए ।

मंसिर ८ गते हुने प्रतियोगितामा देशभरका ४) वर्ष माथि उमेर समूहका पूर्व राष्ट्रिय खेलाडीहरुको सहभागिता रहेको क्लबका अध्यक्ष सौम बहादुर तितुङले बताए । प्रतियोगिता विजेताले ३ लाख १ हजार र उपविजेताले एक लाख १ हजार नगद सहित शिल्ड मेडल प्राप्त गर्नेछन् । प्रतियोगितामा देशभर का १५ वटा भेट्रान्स क्लबहरुको सहभागिता रहेको छ । स्वास्थ्यका लागि खेलकुद भन्ने नाराका साथ आयोजना भएको प्रतियोगिताले पूर्व खेलाडीहरुको मनोबल उच्च राख्न सहयोग पुग्ने उनले बताए । चार वर्ष अघि स्थापना भएको यस क्लबले लगातार तेस्रो सिरिज प्रतियोगिता आयोजना गरेको हो । खेल हेटौंडा ७ नागस्वतीमा रहेको नवज्योति विद्यालयको खेल मैदानमा भैरहेको छ । यसैगरी बिहिवार चार समूह बिच क्वाटरफाइनलका खेल हुनेछन् ।

व्यक्तिगत घटना दर्ता गरौं व्यक्तिगत घटना दर्ता के हो ? किन अनिवार्य दर्ता गराउनुपर्छ ?

व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो । यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो । यो व्यक्ति पहिचानको पहिलो आधार भएकाले नेपाल सरकारले अनिवार्य गरेको छ । यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ । राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याकको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।

सबै प्रकारका व्यक्तिगत घटना कहाँ र कहिले दर्ता गराउनु पर्दछ ?

व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि बिलम्ब शूल्क रु २००/- तिरी दर्ता गराउन सकिन्छ ।

घटना दर्ता गर्न कसलाई सूचक राख्ने ?

जन्म, मृत्यु र बसाई सराई घटना दर्ताको लागि सूचकको रूपमा परिवारको १८ वर्ष उमेर पुगेको सदस्य रहन सक्छन्। विवाह दर्ता गर्न पति र पत्नी दुवै आवश्यक पर्दछ। सम्बन्ध विच्छेद दर्ताको हकमा पति वा पत्नी मध्ये एक सूचक रहन सक्छन् ।

व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ जारी हुनु भन्दा अघि घटेका घटना कसरी दर्ता गराउन सकिन्छ ?

जन्म, मृत्यू तथा अन्य पटना (दर्ता गर्ने) ऐन, २०३३ जारी भइ सम्बन्धित जिल्लामा लागू हुनु भन्दा अघिको घटना दर्ता गरी प्रमाण पत्र जारी गर्न मिल्दैन । यस्ता घटनाको हकमा व्यक्तिले सम्बन्धित वडा कार्यालयमा गई वडा अध्यक्षबाट घटना प्रमाणित गराउन सक्दछन् ।

व्यक्तिगत घटना दर्ता गर्न किन सूचकको नागरिकताको प्रमाणपत्र आवश्यक पर्दछ ?

सबै प्रकारका व्यक्तिगत घटना दर्ता गर्न, सूचक आधिकारिक र जिम्मेवार हुनुपर्ने भएकाले सथकको स्पष्ट परिचय, उमेर खुले प्रमाणका रूपमा नागरिकताको प्रमाणपत्र आवश्यक पर्ने हुन्छ ।

१० न. वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका, मकवानपुर ।

२०८१ मंसिर ६ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार व्यवस्थापक: गोपिनी दाहाल
प्रबन्ध व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

नेपाली चलचित्रमा परम्परागत भूमिका

चलचित्र मनोरञ्जनको क्षेत्र मात्रै नभई एउटा सशक्त मिडिया पनि हो । विकासको समग्रताको कुरा गर्दा पश्चिमाकरणको दबदबाको कारण नेपाली चलचित्रको बजार दिनदिनै खस्कदों रहेको ब्याख्या विश्लेषण गरिन्छ । नेपाली चलचित्र उद्योगमा नेपाली सांस्कृतिक, परम्परा, सामाजिक र आर्थिक पाटोको सशक्त प्रदर्शन नभएको,चलचित्रमा दुरदर्शीता र वास्तविकता प्रकट नहुने गरेको आरोप लाग्ने गरेको छ । चलचित्र उद्योग लामो समयदेखि समृद्धि र प्रगतिको खोजीमा थियो, र आज पनि छ नै । नेपाली चलचित्रले अहिले आर्थिक रूपमा समाजमा आशा र सकारात्मक परि वर्तनको सन्देश फैलाएको छ। समयसँगै नेपाली चलचित्र उद्योगमा पछिल्लो समय सुधार आएको छ। गुणस्तरीय चलचित्रहरुको निर्माण भएको र ति चलचित्रहरूले पछिल्लो समय विभिन्न बिधामा रेकर्ड नै राख्न थालेका छन् । पछिल्लो उदाहरण हो पुर्णबहादुरको सारङ्गी । यसले हालसम्मकै सबै प्रकारको इतिहास ब्रेक गर्‍यो ।

पछिल्लो समय नेपालमा बन्ने नेपाली चलचित्रहरू भाषिक विविधता समेत हुने गरेकोले अन्तराष्ट्रिय बजारमा पनि प्रवेश पाउन थालेको छ ।नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय स्तरमा पनि पहिचान मिल्न थालेको छ। नयाँ निर्देशक र निर्माताहरुले कथा, अभिनय र प्राविधिक पक्षमा नवीनतम प्रयोग गर्दै दर्शकको मन जित्न सफल भएका छन्। यद्यपि, यो इमानलाई जोगाइराख्न मने मेहनत गर्न पर्छ नै ।

तर चर्चा कमाएका चलचित्रहरूले महिला अधिकार, बालबालिका, शिक्षा, भ्रस्टाचार, लैङ्गिक समानताको पाटोमा मने अझै उचित काम गर्न सकेका छैनन् । महिलालाई आश्रित भूमिकामा देखाउने, परम्परागत भूमिकामा नै सिमित राखिएका छन्, यहाँ मने सुधारको खाँचो छ । सामाजिक समानता र समावेशीता लागु गर्न गहिरो सन्देश नेपाली चलचित्रले दिन सकोस् ।नेपाली चलचित्र उद्योगले निरन्तर संघर्षसँगै र विकासको यात्रा तय गर्न सक्षम होस् ।

द्वन्द्वपीडितलाई झन् पीडित र निराश नबनाइयोस्



सुमन अधिकारी

१८ वर्षअघि (२०६३ मंसिर ५ गते) सरकारका तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र विद्रोही माओवादीका तर्फबाट अध्यक्ष पुष्पकमल दाहालले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेर १० वर्ष लामो सशस्त्र द्वन्द्व अन्त्यको घोषणा गरेका थिए । विस्तृत शान्ति सम्झौताका तीन मुख्य कार्यभार थिए– संविधानसभामार्फत संविधान निर्माण गरी र ाज्यको पुनर्संरचना, माओवादी लडाकुको व्यवस्थापन र द्वन्द्वकालीन गम्भीर मानव अधिकार उल्लंघनका घटनाको सम्बोधन । यद्यपि शान्ति सम्झौता अझै पनि निष्कर्षमा पुग्न सकेको छैन ।

२०७२ मा संविधान जारी भएको संविधानअनुरूप केन्द्र, प्रदेश एवं स्थानीय तहको निर्वाचन भए, नेताको व्यवस्थापन भयो । हतियार बोकेका हुनाले सरकार तथा राजनीतिक दलका लागि चुनौती बनेका माओवादी लडाकुको व्यवस्थापन गर्नमा राजनीतिक दल दिलोज्यान दिएर लागिपरे । आपस्तमा लडे-भिडेका सेना र माओवादी लडाकु समायोजन र व्यवस्थापन भयो, द्वन्द्वरत पक्ष सत्ता साझेदार बने ।

नयाँ संविधानले राज्यको पुनर्संरचना, संघीयता, समावेशीकरणमार्फत आर्थिक तथा सामाजिक रूपान्तरण, समृद्धि, सुशासन तथा दण्डहीनताको अन्त्य एवं जनताको घर-आँगनमै हकअधिकार र सेवा-सुविधा पुऱ्याउने व्यवस्था गरेको छ । संविधानले संघीयता अँगालेको तर संघीयताको मर्म बमोजिम संघीय सरकारले कानुन र संरचना नबनाएको, प्रदेश र स्थानीय तहलाई अधिकार र साधन-स्रोत नदिएको, समानुपातिक समावेशिताको दुरुपयोग भएको जस्ता गुनासा जनस्तरबाट व्यक्त भइरहेकै छन् ।

हरेक वर्षजस्तो फेरिने सरकारले सुशासन र समृद्धिको नारा लगाइरहे पनि नागरिकको आर्थिक तथा सामाजिक रूपान्तरणमा नागरिकले महसुस गर्ने खालको ठोस उपलब्धि हासिल हुन नसकेको छैन ।

बल्झिरहेका द्वन्द्वका पीडा: शान्ति सम्झौताको कार्यभार थियो– दुवै (सत्ता र विद्रोही) पक्षबाट हत्या गरिएका एवं बेपत्ता पारिएका नागरिकको स्थिति ६० दिनभित्र सार्वजनिक गर्ने, ६ महिनाभित्र सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गरेर पीडितलाई न्याय दिने ।

सङ्क्रमणकालीन न्याय प्रक्रिया अभियोजन र आममाफीको एकतर्फी बहस, स्वार्थ एवं राजनीतिक दाउपेचको चेपुवामा पऱ्यो । पीडित केन्द्रित प्रक्रिया भनिए पनि पीडितको अपनत्व, सवाल, भावना, आवश्यकता र सहकार्य प्राथमिकतामा परेनन् । पीडितहरू पीडा, अभाव, अन्याय, मनोसामाजिक, सामाजिकीकरण लगायत समस्यामा तड्पिरहेका छन् । तत्कालीन द्वन्द्वरत पक्षद्वारा भएका गम्भीर मानव अधिकार उल्लंघनका घटनाका कारण पीडित सर्वसाधारण नागरिकलाई न्याय दिन सरकार र राजनीतिक दलहरूले प्राथमिकता दिएनन् ।

शान्ति सम्झौताको झन्डै आठ वर्षपछि (२०७१ मा) सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग बनायो, जुन राजनीतिक भागबन्डामा आधारित थिए । यस्तै, सर कारले संक्रमणकालीन न्यायसम्बन्धी कानुन समेत बनायो ।

उक्त अध्यादेशबाट आएको कानुनले कुनै पनि घटनाका दोषीलाई कारबाही गर्ने बाटो नराखेपछि पीडितहरू सर्वोच्च पुगेका थिए । यद्यपि कानुन संशोधन नगरी २०७६ मा पुराना पदाधिकारीलाई बिदा गरेर फेरि दुवै आयोग बनाइयो । सर्वोच्च अदालतका फैसला एवं अन्तर्राष्ट्रिय मूल्य-मान्यता बमोजिम ऐन नबनेकाले अन्तर्राष्ट्रिय समुदाय एवं मानव अधिकार समुदायले आयोगसँग सहकार्य गरेनन् ।

द्वन्द्वपीडितहरुले आयोगका औपचारिक संयन्त्रमा बसेर काम नगरे पनि आयोगले यथाशक्य पीडितका पक्षमा काम गरोस् भन्ने मनसायले आयोगको कार्यको परीक्षण र खबरदारीको रणनीति लिएका थिए । उनीहरुले आयोगका कामको अनुगमन र खबरदारी समेत गरे । पीडित समुदायको भावना बमोजिम काम गर्न पटकपटक सुझाव दिए । तर राजनीतिक स्वार्थमा रुमलिएका आयोगहरूले पीडितका पक्षमा काम गर्ने दृढ इच्छाशक्ति र संवेदनशीलता देखाउन सकेनन् । यौनहिंसा तथा बलात्कारजस्ता गम्भीर अपराधबाट पीडित महिलाको न्याय र पहिचान त के, तत्कालीन आवश्यकता सम्बोधन गर्ने वातावरण समेत बन्न सकेन । आयोगले उजुरी संकलनको कार्य गरे तर आयोगको आठ वर्षे कार्यावधिमा न कानुन संशोधन भयो, न त आयोगले कुनै ठोस परिणाम नै दिन सके । पीडितले निर्धक्क भएर आयोगलाई विश्वास गर्ने वातावरण समेत बनेन ।

विश्वसनीय समाधान

आयोग ऐन २०७१ का त्रुटिपूर्ण व्यवस्थाविरुद्ध २३४ जना द्वन्द्वपीडितले दर्ता गरेको रिटउपर सर्वोच्च अदालतले २०७१ मा गरेको आदेश अनुरूप ऐन संशोधन गर्नका लागि पीडित लगायत सरोकारवाला पक्षले १० वर्षसम्म निरन्तर आवाज उठाइरहे । लामो रस्साकस्सीपश्चात् २०८१ भदौमा संसद्को दुवै सदनले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ माथिको संशोधन विधेयक पारित गरेको छ । संशोधनमा कैयौं राम्रा र सकारात्मक सवाल समावेश भएका छन्, तथापि मानव अधिकार उल्लैनको परिभाषा, दण्डसजाय, हदम्याद लगायत सवालमा ऐनमा अझै कतिपय कमजोरी र त्रुटि विद्यमान छन् ।

संशोधन परिपूरणलाई प्राथमिकतामा राखेर गरिएको एवं सुरक्षाकर्मी र बहिर्गर्मित लडाकुलाई सम्बोधन गर्ने जिम्मेवारी समेत सत्य निरूपण आयोगलाई नै दिइएकाले द्वन्द्वमा असंलग्न सर्वसाधारण द्वन्द्वपीडित नागरिकको न्यायको अधिकार र आवाज कुण्ठित हुन सक्ने आशंका समेत रहेको देखिन्छ । ऐन संशोधनपश्चात् सरकारले दुवै आयोगमा पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्न समिति बनाएको छ । देखाउनका लागि पटकपटक आयोग गठन गर्ने तर पीडितलाई झन् पीडित र निराश बनाउने विगतको शृंखलाको अब अन्त्य हुनुपर्छ । यसपालिको सिफारिस समिति र आयोग गठन कार्य अन्तिम हुने गरी जिम्मेवार ढंगले काम गर्नुपर्छ । संक्रमणकालीन न्याय प्रक्रिया सफल निष्कर्षमा पुग्नुपर्छ, द्वन्द्वको पीडा र मानवीय संवेदनामाथिको राजनीतिक दाउपेच र कुनै पनि स्वार्थपूर्ण खेलको अन्त्य हुनुपर्छ ।

सिफारिस समितिले आयोगमा अध्यक्ष तथा सदस्य छनोट प्रक्रिया अगाडि बढाएको छ । पीडित, नागरिक समाज एवं अन्तर्राष्ट्रिय समुदायले विद्यमान प्रक्रियाको विश्वसनीयता एवं पारदर्शितालाई नजिकबाट नियालिर हेका छन् । विगतमा समितिले प्रक्रिया अवलम्बन गरेको देखिए पनि अन्त्यमा राजनीतिक भागबन्डामा आयोगका पदाधिकारी सिफारिस भएको सर्वविदितै छ । सिफारिस समितिले विगतको यस्तो कार्यलाई चिर्न सक्नुपर्छ । समितिले ऐनमा व्यवस्था भएको अधिकार पूर्ण रूपमा उपयोग गरी स्वायत्त, विश्वसनीय, पारदर्शी र सार्वजनिक छनोट प्रक्रिया अवलम्बन गर्नुपर्छ । सरकार एवं राजनीतिक दलहरूले पनि विगतको असफलता एवं अबगालबाट पाठ सिकेर समाधान दिने क्षमता भएका सक्षम व्यक्ति छनोट गर्न समितिलाई रचनात्मक सहयोग गर्नुपर्छ । योग्य, क्षमतावान्, अनुभवी र समाधान गर्ने मार्गचित्र वा आँट भएको, समाजले पत्याएको, इच्छाशक्ति भएका व्यक्ति छनोट गरी सिफारिस गर्नुपर्छ । ताकि सक्षम र स्वायत्त आयोग गठन सुनिश्चित होस् ।

यस्तै, समग्र आयोग प्रक्रियालाई विश्वसनीय, प्रभावकारी र सफल बनाउन सरोकारवाला पक्षले रचनात्मक भूमिका खेल्नुपर्छ । आयोगले ऐनले सुम्पेको बृहत्तर राष्ट्रिय कार्यभार गहन र जिम्मेवार ढंगले सम्पन्न गर्नका लागि गहन गृहकार्यसहित यथार्थपरक मार्गचित्र र कार्यान्वयन योग्य कार्ययोजना बनाउनुपर्छ । कार्ययोजना बनाउँदा दुई-दुईपटक आयोगले काम गर्न नसक्नाका अन्तर्निहित कारणको सम्बोधन गरिनुपर्छ । जिम्मेवारी अनुरूप कार्यसम्पादन गर्नका लागि आयोगलाई आवश्यक पर्ने संरचना, साधन-स्रोत र विज्ञ एवं दक्ष जनशक्ति जनशक्ति तत्कालै उपलब्ध गराउनुपर्छ ।

ऐन संशोधनका सवालमा पटक-पटक परामर्श गरियो, तर ऐनको व्यावहारिक कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने नियमावली, निर्देशिका, कार्यविधि आदि बनाउँदा परामर्श गर्ने गरिएको छैन । नियमावली, निर्देशिका वा कार्यविधि निर्माणमा सरोकारवाला पक्षको भोगाइ, आवश्यकता तथा सुझाव अत्यन्त महत्वपूर्ण हुन्छन् । आयोगलाई पीडितकेन्द्रित, पारदर्शी, स्वतन्त्र, विश्वसनीय, जवाफदेही एवं सहभागितामूलक बनाउने उपाय एवं कार्यप्रणालीको तत्काल अवलम्बन गर्नुपर्छ । दूरदराजका पीडितसम्म पुग्ने गरी आयोगको संरचना बनाउनुपर्छ । लैंगिक र अपाङ्गतामैत्री संरचना बनाएर काम अगाडि बढाइनुपर्छ । समग्र प्रक्रियामा सरोकारवाला पक्षहरूको सहयोग र सहकार्य अपरिहार्य हुन्छ । यसअघि उजुरी दिन नपाएका पीडितलाई उजुरी दिनका लागि तीन महिनाको छोटो समय दिने व्यवस्था ऐनमा छ । उजुरी खुलेको सूचना दूरदराजका पीडितसमक्ष समयमै पुऱ्याउनुपर्छ । पीडितलाई उजुरी दर्ता गर्ने विश्वसनीय र गोपनीय वातावरण सुनिश्चित गरिनुपर्छ । यसका लागि द्वन्द्वपीडित संस्थालाई परिचालन गर्नु, सहज र पहुँचयुक्त ढंगले उजुरी दर्ता गर्ने संरचना बनाउनु अत्यन्त जरुरी रहन्छ ।

आयोगको कार्य प्रक्रियाको अनुगमन गर्नु एवं पीडित समुदायलाई आवश्यक साथ, सहयोग एवं संरक्षणको आवश्यक प्रबन्ध गर्नु आयोग तथा सरकारको मात्र नभई नागरिक समाज, मानव अधिकार समुदाय, सञ्चार जगत् एवं सम्बन्धित सबैको जिम्मेवारी रहन्छ ।


(लेखक,द्वन्द्वकालमा हत्या गरिएका लमुजुङका शिक्षक मुक्तिनाथ अधिकारीका छोरा हुन्, लेख रातोपाटीबाट साभार गरिएको हो ।)

२०८१ मंसिर ६ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

राजेशको एजेण्डा समृद्ध वडा

१६ मंसिरमा हुने हेटौंडा उपमहानगर पालिका-१२ को वडा अध्यक्ष पदको उपनिर्वाचनका उम्मेद्वारी दिएका उम्मेद्वारहरु यतिबेला मतदाता भेट्न घरदैलो कार्यक्रममा ब्यस्थ देखिएका छन् । २०७० को स्थानीय तह निर्वाचनमा निर्वाचित भएका माओवादी केन्द्र तर्फ ललित घलान जिल्ला समन्वय समितिको प्रमुख भएपछि रिक्त रहेको उक्त वडा अध्यक्ष पदमा १४ जनाले उम्मेद्वार दर्ता गराएका छन् ।

उम्मेद्वार दिएका १४ जनामध्ये मुख्य तीन प्रमुख दल नेकपा एमाले , नेपाली कांग्रेस र नेकपमा माओवादी केन्द्रबी कडा प्रतिप्रस्पर्धा हुने देखिएको छ । नेकपा एमालेतर्फ राजेश नगरकोटी , कांग्रेसतर्फ अर्जुन तिवारी र नेकपा माओवादी केन्द्रतर्फ रविन प्रधानको प्रतिस्पर्धा देखिएको छ । नेकपा एमालेको तर्फबाट उम्मेदवारी दर्ता गराएका नगरकोटी र कांग्रेसबाट उम्मेद्वार बनेका तिवारीको भने यो दोस्रो पटक सोही वडाको वडाध्यक्ष पदका लागि उम्मेदवारी हो । गत स्थानीय तह निर्वाचनमा हेटौंडा-१२ को अध्यक्ष पदमा माओवादीका ललित बहादुर घलान, कांग्रेसका अर्जुन तिवारी र एमालेका नगरकोटीबीच चुनावी प्रतिस्पर्धा भएको थियो । जसमा तीनै जना उम्मेदवारले उस्तै हाराहारीमा मत ल्याए । १३ सय ७१ मत ल्याएका माओवादीका घलान विजयी भए ।कांग्रेसका तिवारीले १३ सय ४० मत ल्याउँदा नगरकोटीले १३ सय २५ मत प्राप्त गरे । अध्यक्ष पद माओवादीको पोल्टामा परेपनि वडासदस्यको सिंगो टिम नै नेकपा एमालेले जितेको थियो । यसअघि जम्मा ४६ भोटले मात्रै पराजित भएका एमालेतर्फका उम्मेद्वार राजेश नगरकोटीसँग गरेको कुराकानीको सम्पादित अंश:



वडा अध्यक्षको उम्मेद्वार बनिरहँदा प्रमुख योजना चाँहि के के बनाउनु भएको छ ?

मेरो प्रमुख योजना भनेको १२ नम्वर वडाको समृद्धि नै हो । भौगोलिक हिसाबले १२ नम्वर वडाको केहि भु-भाग सम्म छ भने केहि खोला र भिरालो जस्ता संरचना छ । ती सबै क्षेत्रको समानुपातिक हिसाबमा चोतफी विकास गरेर १२ नम्वर वडालाई समृद्ध वडा बनाउने मेरो मुख्य योजना हो ।

मुख्य १२ नम्वर वडाको भौतिक संरचनाको विकास धेरै हदसम्म बढिसकेको छ । यसको सुरुवात बागमती प्रदेशको प्रथम मुख्यमन्त्री डोरमणी पौडेल र त्यसै क्षेत्रका सांसद जुनेली श्रेष्ठ हुँदाखेरी धेरै ठुला ठुला योजनाहरु परेर विकास निर्माणको काम भएको सबैलाई थाहा नै छ । हाल २०७० सालको निर्वाचनबाट हाम्रो यसै क्षेत्रका माननीय सांसद एकलाल श्रेष्ठ र भारती पाठक ज्युबाट त्यसै कामलाई निरन्तरता दिएर जाने कुरा सिर्जना भएको छ ।

त्यस बाहेक १२ नम्वर वडालाई समृद्ध बनाउनका लागि मुख्य गरेर कृषि क्षेत्रमा विशेष रुपमा पहल गर्न सक्यो भने हाम्रो वडामा व्यवसायीक रुपमा कृषक गर्ने किशानहरु धेरै हुनुहुन्छ । केहि समय अघि मात्रै मैले बागमती प्रदेशको कृषि मन्त्री प्रकाश श्रेष्ठसँग त्यहाँका किशानहरुसँग अन्तरक्रिया कार्यक्रम राखेको थिएँ । जुन कार्यक्रम धेरै प्रभावकारी पनि भएको छ ।

मैले यो कुरा किन जोडिरहेको छु भने कृषिमा हाम्रो वडामा विभिन्न किसिमका खेतीहरुलाई प्रर्वद्धन गर्न सकेमा कृषिबाट एक किसिमको समृद्ध हाँसिल गर्न सकिने छ । त्यसैगरी , शिक्षालाई हामिले जोडदार रुपमा उठाउने छु । म आफै पनि शिक्षण पेशाबाट आएको हुनाले शिक्षा व्यवस्थापन गर्नका लागि मैले विभिन्न योजनाहरु बनाएको छु।

जसअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयहरुलाई मजबुद बनाउने मेरो योजना छ । पर्यटक हिसाबले पनि १२ नम्वर वडालाई जोड्ने मेर ो योजना छ । जस अन्तर्गत हेटौंडा उपमहानगर पालिका वडा नम्वर-११ र १२ जोड्ने पुल छ । जुन भौगोलिक हिसाबमा भिरालो , खोलानाला र सिमसार भएको क्षेत्र छ त्यसलाई पर्यटकीय क्षेत्र बनाउने मैले योजना बनाएको छु ।

स्वास्थ्यको कुरा गर्दा एउटा हेल्थपोष्ट छ । त्यो हेल्थपोष्टलाई पनि अस्पतालको रुपमा विकास गरेर लाने योजना बनाएको छ । किनभने १२ नम्वर वडामा मतदाता मात्रै ८ हजार ५३ जना हुनुहुन्छ । जनसंख्या बढ्दो हिसावमा छ । हामिले अस्पतालको रुपमा स्वास्य चौकीलाई विकास गरेर लैजान सके वडाको समृद्ध हुन्छ ।

तर , निर्वाचित भईसकेपछि योजना योजनामै सिमत हुन्छ भन्ने आरोप पनि लाग्छ नी ?

यसअघि २०७० सालको निर्वाचनमा म ललित घलान ज्युसँग ४६ मतान्तरले पराजित हुन पुगे । त्यतिखेर मैले बनाएको योजना मैले हारिसकेपछि पनि मैले देखेको सपनालाई यस वडाको विकासका निम्ति निरन्तर रुपमा लागिरहेको अवस्थामा छु ।

यसै क्षेत्रका माननीय एकलाल श्रेष्ठज्यु श्रम रोजगार यातायात मन्त्री हुने बेला र खानेपानी सिँचाई तथा उर्जा मन्त्री हुँदा म उहाँको प्रमुख स्वकीय सचिव भएर काम गर्दाखेरी मैले सकुन्जेलसम्म माननीय ज्युको पहलमा यस वडामा धेरै विकास निर्माणका कुराहरुलाई जोडेर जनताको प्रत्यक्ष र अप्रत्यक्ष रुपमा जनताको समस्या सम्म जोडिरहेको मेरो अनुभव छ । र जिते पनि हारे पनि पुरा गरेर जाने मेरो प्रतिवद्धता रहिन्छ र म लागिरहने छु ।

यसअघि थोरै मतले पराजित हुनुभएको थियो यसपटक जित्ने सम्भावना कति छ ?

पक्कै पनि यसअघि जम्म ४६ मतले मात्रै पराजति हुन पुगेको थियो । प्रतिस्पर्धा त निर्वाचनमा हुने नै भयो । मैले नै चुनाव जित्छ भनेर बस्नु कुरा पनि भएन । तर , १२ नम्वर वडाको सम्पुर्ण जनताको माहोल हेर्दाखेरी अहिले राम्रो पाको छु । १४ जनाले उम्मेद्वारी दिनु भएको छ ।

ती १४ जना उम्मेद्वारहरु हेर्दाखेरी मलाई जहाँसम्म लाग्छ मेरो हिजोको दिनहरुले म सँग भएको क्वालिफिकेशन , शिक्षा , राजनीतिक ब्याकराउण्ड र मैले समाज प्रति पुऱ्याएको योगदानहरुको कारणले गर्दापनि मलाई विश्वास छ १२ नम्वर वडाको जनताले नेकपा एमालेतर्फका उम्मेद्वार राजेश नगरकोटीलाई जिताउँछ भन्ने मलाई विश्वास छ ।

चुनाव जितिसकेपछि काम गर्न चुनौती कति छ ?

चुनौती त सामना गर्दै जाने हो । १२ नम्वर वडालाई हिजोको दिनमा हेर्ने दृष्टिकोण थियो आज परि वर्तन भएको छ । यसअघि निर्वाचित भएर जिल्ला समन्वय समितिको प्रमुख हुनुभएको ललित घलान ज्युले १२ नम्वर वडाको प्रतिनिधत्व गर्दै हुनुहुन्छ । र यो परिवर्तनको मेरो पनि योगदान थियो । केहि समय अघि मात्रै युवा संघको अधिवेशन हाम्रै वडामा भएको थियो ।

त्यति ठुलो अधिवेशन हामिले सम्पन्न गर्न सफल भएका थियौं । जुन कार्यक्रममा सहभागी हुन केन्द्रदेखि प्रदेश र जिल्लाका नेताहरु आउनु भएको थियो । त्यसैगरी त्यहाँ शिक्षित युवाहरु र जिल्ला समन्वय समिति प्रमुख उत्पादन गर्ने पवित्र भुमि बनेको छ भन्ने कुरा मैले देखाउन र बुझाउन खोजेको थियो । र काम सम्पन्न गर्न मैले सकेपनि ।

त्यसैगरी हाम्रै क्षेत्रमा कृषि क्षेत्रलाई व्यवसायीक रुपमा कृषि गर्ने कृषकहरु हुनुहुन्छ । त्यहि उत्पादन भएको मेवा, एभोकाडो, ड्रागनफुड र नगदेबालीहरु बजार हामिले देख्न पाउँछ त्यहि क्षेत्रमा हिडेका हाम्रा डिग्रिसम्मको पढाई सकाएर कृषि क्षेत्रमा लागेर कृषिलाई मकवानपुरको जिल्लामा मात्रै नभई देशभर चिनाउन सफल भएका सुरज थिङ र फेन्चु रुम्बाजस्ता युवाहरु हाम्रै क्षेत्रमा हुनुहुनुन्छ । त्यस्ता युवाहरुलाई उत्पादन गर्ने पदमपोखरी हाम्रै क्षेत्र हो । सबै हिसाबमा अगाडि बढेको छ ।

चुनावी प्रचारप्रसार कस्तो हुँदै छ ?

अहिले हामि चुनावी प्रचारप्रसारमै छौं । जनताको घरमा कसरी पुग्ने । प्रत्येक मतदाता भएको ठाउँमा कसरी पुग्ने भन्ने विषयमा हामि छलफल गरेरै अगाडि बढिरहेका छौं । र , हामि योजना नै बनाएर त्यसै अनुरुप अगाडि बढिरहेका छौं । र , अन्तमा मतदातालाई के भन्न चाहनु हुन्छ ? सम्पुर्ण वडाबासी मतदाता , सुभचिन्तक र सुभेच्छुकहरुमा आउँदै गरेको मंसिर १६ को निर्वाचनमा सहभागी भएर मतदान गरिदिनु म आग्रह गर्दछु । मतदान गर्ने क्रममा १२ नम्वर वडाको विकासको लागि समृद्धिको लागि योग्य उम्मेद्वार छानेर मतदान गरिदिनुहुन मेरो अनुरोध छ ।

यो अन्तवार्ता हेटौंडा सन्देश डटकममा पनि प्रकाशित छ ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं । रसायनिक मल भन्दा प्राङ्गारिक मलको प्रयोगमा प्राथमिकता दिने गरौं ।
● सहीखबर साप्ताहिक

सहीखबर

फिचर/विचार/समाचार

२०८१ मंसिर ६ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

आँखा अस्पतालको १७ वर्षे यात्रा झण्डै ९ लाख जनाले लिए सेवा



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा सामुदायिक आँखा अस्पतालको सेवा प्रारम्भ भएको १६ वर्ष पुरा भएको छ । नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठानको पहिलो शाखाको रूपमा हेटौडामा सामुदायिक आँखा अस्पताल स्थापना भएको हो ।

हेटौडा पश्चात भक्तपुर र निजगढमा पनि आँखा अस्पतालको शाखा विस्तार गरी सेवा प्रदान गरिदै आएको छ । २०६५ मंसीर ५ गते अष्ट्रेलियन राजदुत ग्राहम लेडले हेटौंडा सामुदायिक आँखा अस्पतालको उद्घाटन गरेका थिए । अस्पतालमा स्थापनाकालदेखि हालसम्म ८ लाख ९३ हजार जनाले सेवा लिएको अस्पतालका प्रवन्धक सुधिर श्रेष्ठले जानकारी दिए ।

अस्पतालमा हालसम्म ६० हजार मोतिविन्दुका बिरामीको शल्यक्रिया भएको छ । बिभिन्न क्षेत्रमा निशुल्क आँखा शिविर संचालन गरेर ३७ हजारको निशुल्क शल्यक्रिया गरिएको उनले बताए ।अस्प्तालमा आँखा जाँच, चश्मा जाँच, शल्यक्रिया सेवा, औषधि सेवा प्रदान गरिदै आईर हेको छ ।

यसका साथै आँखा स्वास्थ्य सम्बन्धी जनचेतना प्रदान गर्न बिभिन्न समयमा शिक्षक, स्वास्थ्य कार्यकता, महिला स्वास्थ्य स्वयंसेविका, कारखानाका कामदार लगात बिभिन्न समुहलाई तालिम गोष्ठी आयोजना गर्दै आएको छ । प्रवन्धक श्रेष्ठका अनुसार अस्पतालसम्म आँखा उपचारको सेवा लिन आउन नसक्नेहरूलाई ग्रामीण क्षेत्रमा नै पुगी नि:शुल्क आँखा शिविर पनि आयोजना गर्दै आएको छ ।

अस्पतालले मकवानतपुरको थाहा नगरपालिका, मनहरी गाँउपालिका र बागमती गाँउपालिकासँग समन्वय गरेर सामुदायिक आँखा केन्द्र संचालन गरेको उनले बताए ।त्यसैगरी ईन्द्रसरोवर गाँउपालिका, कैलाश गाँउपालिका र बकैयाँ गाँउपालिकासँगको सहकार्यमा ग्रामीण आँखा केन्द्र पनि संचालन गरी ग्रामिण भेगका जनतालाई आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आई रहेको छ ।

यसैगरी राक्सिराङ्ग, भीमफेदी र मकवानपुर गढी गाँउपालिकामा पनि ग्रामीण आँखा केन्द्र स्थापनकोलागि पहल भइरहेको उनले बताए । आँखा अस्पतालमा दैनिक करिब तीन सयजनाले सेवा लिने गरेका छन् ।

दैनिक बिहान ६ बजेदेखि साढे ११ बजेसम्म टोकन लिएर बहिरंग सेवा एक सय ५० रूपैयाँ शूल्कमा लिन सकिने व्यवस्था छ । बहिरंग सेवा बिहान साढे ८ बजेबाट सुरू हुन्छ भने दिउँसो ३:३० बजेबाट विस्तारित सेवामा चार सय ५० रूपैयाँको टिकटमा आँखाको परीक्षण गराउन पाउने व्यवस्था गरिएको छ । मोवाइलबाटै पनि टिकट लिने सुविधा अस्पतालले दिदै आएको छ ।

अस्पताल परिसरमा शल्यक्रियाको लागि भनेर छुट्टै भवन निर्माण कार्य सुरू हुँदैछ भने न्यून दृष्टि भएका बालबालिकाहरूका लागि पनि छुट्टै सेवा प्रदान गर्ने योजना रहेको श्रेष्ठले जानकारी दिए ।

पशु कल्याणको नियम कागजमा मात्रै



○ सहीखबर संवाददाता

मकवानपुर । पशुलाई एक ठाउँबाट अर्को ठाउँमा ढुवानी गर्दा आवश्यक मापदण्ड पूरा नगरे कारबाहीको भागिदारी बन्नुपर्ने नियमको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन ।

पशु ढुवानीका क्रममा मकवानपुर भएर त्रिभुवन राजपथ, कान्तिराजपथ, पूर्व पस्चिम राजमार्ग भएर आवश्यक मापदण्ड पूरा नगरीकन ओसार पसार गर्ने गरीएको छ । मकवानपुर प्रहरीले आक्कलझुक्कल कारबाही चलाएको देखिन्छ तर पशु अधिकारकर्मीहरू सरकारी निकायले नियमको प्रभावकारी अनुगमन गर्न नसकेको बताउँछन् ।

पशु ढुवानीको मापदण्ड पुरा नगरेको भएर केही दिन अगाडी मकवानपुरको मनहरीमा सचेत गरेर पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरिक्षक स्यामु अर्यालले बताए । जानकारीमा आए सम्म पशु ढुवानी मापदण्ड पुरा गर्न लगाएको उनले बताए ।

हरेक दिन शरीर रक्ताम्मे बनाएर मासुका लागि भारत हुँदै ठुलो सङ्ख्यामा राँगा, भैँसी, खसीबोकाको ढुवानी मकवानपुर भएर काठमाण्डौं लैजाने गरिउको छ । तर, सरकारी निकायले प्रभावकारी अनुगमन गर्न सकेको छैन । पशु अधिकारकर्मीको लामो प्रयास र आन्दोलनपछि पशुलाई ढुवानी गर्न आवश्यक नीतिलाई समेटेर पशु ढुवानीसम्बन्धी २०६४ को मापदण्ड तथा पशु कल्याण निर्देशिका २०७३ बने पनि कार्यान्वयन हुन नसकेको हो ।

पशुलाई एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्दा आठ घण्टाभन्दा धेरै हिँडाउन नपाउने व्यवस्था गरे पनि त्यो कार्यान्वयनमा नआउँदा पशुले दु:ख कष्ट पाउँदै आएका छन् । गाडीमा ढुवानी गर्दा अधिकतम ४८ घण्टामा गन्तव्य पुऱ्याउनै पर्ने हरेक आठ घण्टामा तल झारेर दानापानी दिएर मात्र अघि बढाउनुपर्ने निर्देशिकामा उल्लेख भए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन ।

वायु प्रदुषणका असरहरू वायु प्रदुषणले

☞ फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वास सम्बन्धी रोग लाग्न सक्छन्, श्रयसले मुटु, रक्तसंचार प्रणाली र मस्तिष्कमा समेत गम्भीर असर पुऱ्याउन सक्छ,
☞ सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आखाँमा असर देखा पर्न सक्छ,
☞ सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ, त्यसैले:
☞ वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौ ।
☞ कच्ची सडकहरू कालोपत्रे गरौ. ☞ वृक्षरोपण गरौ,
☞ घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौ ।

वायु प्रदुषणको असरबाट बचौं ।

**५ नम्बर वडा कार्यालय,
मकवानपुरगढी
गाउँपालिका, धादीङ ।**

प्रदेशमा उपनिर्वाचन लक्षित एकीकृत सुरक्षा केन्द्र



○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सुरक्षा समितिको बैठकले एकीकृत सुरक्षा समन्वय केन्द्र निर्माण गर्ने निर्णय गरेको छ । आन्तरिक मामिला तथा कानुनमन्त्रालयमा बसेको समितिको बैठकले १६ मंसिरमा हुने उपनिर्वाचनका लागि सुरक्षा समन्वय केन्द निर्माण गर्ने निर्णय गरेको हो ।

उपनिर्वाचन हुने प्रदेशका मकवानपुर काठमाडौं दोलखा र नुवाकोट जिल्लालाई समेटेर एकीकृत सुरक्षा समन्वय केन्द्र बनाउने निर्णय गरेको मन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

प्रदेशका मकवानपुरको हेटौडा उपमहानगरपालिका वडा नम्बर १७ मा वडा अध्यक्ष सहित किर्तिपुर नगर पालिकाको नगर प्रमुख तथा १ र ४ नम्बर वडाको वडा अध्यक्ष, काठमाडौं उपमहानगरपालिका १६ मा वडा अध्यक्ष, नुवाकोटको ककनी गाउँपालिकाको ३ नम्बर वडाको वडा अध्यक्ष र दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्ष चयनका लागि १६ मंसिरमा उपनिर्वाचन हुँदैछ ।

उपनिर्वाचन हुने चार जिल्लाको शान्ति सुरक्षाको रिपोर्टिङलाई एकद्वार प्रणालीबाट व्यवस्थित गर्दै चुस्तदुरूस्त सुरक्षा व्यवस्थापनका लागि एकीकृत सुरक्षा केन्द्रबाट काम गरिने बताइएको छ ।

सम्पर्क कार्यालय आन्तरिक मामिला तथा कानुन मन्त्रालय हेटौडामा रहने केन्द्रको संयोजन मन्त्री लामिछानेले गर्नेछन् ।

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ मंसिर ६ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रदेश हस्तकला बिधेयक कार्यन्वयनमा जोड

सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश उद्योग, पर्यटन तथा वातावरण समिति सभापति आनन्द कुमार श्रेष्ठले प्रदेश हस्तकला ग्राम स्थापना तथा संचालनको सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०८१ को कार्यान्यनका लागि आफूहरुले जोड दिइरहेको बताएका छन् ।

जनपत्र मिडिया प्रालि हेटौंडाले आयोजनामा प्रदेश हस्तकला ग्राम स्थापना तथा संचालनको सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०८१, प्रदेश राजपत्रमा प्रकाशित भएपछी यसले सरोकार वाला पक्षलाई पार्ने प्रभावकारी कार्यान्वयनका विषयमा गरेको पत्रकार भेटघाटमा सभापति श्रेष्टले उक्त कुरा बताएका हुन् ।

उक्त कानून पाइलट प्रोजेक्टका रुपमा कार्यान्यन गर्न लागिएको समेत उनले जानकारी दिए ।

संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहकार्यमा भएको कार्यक्रममा मकवानपुर हस्तकला संघका संस्थापक अध्यक्ष ज्ञानभक्त लामाले हस्तकलाको क्षेत्रमा धेरै काम भएको र यसलाई फराकिलो रुपमा बुझ्नका लागि प्रदेश सरकार र सांसदहरुलाई आग्रह गरे । हस्तकलाको क्षेत्रमा आफूले बिगत ५० वर्षदेखि काम गर्दै आएको तर राज्यले कुरा नबुझ्दा यस क्षेत्रमा थप समस्या भएको लामाले बताए ।

हस्ताकला संघका सल्लाहकार तथा नेपाल उद्योग बाणिज्य संघका पूर्व केन्द्रीय सदस्य सर्मिला डंगोलले हस्तकलाका कारण नेपाललाई बिदेशमा चिनाउन सकिएकोले यस क्षेत्रमा सरकारले विशेष ध्यान दिन जरुरी रहेको बताइन् ।

"हस्तकलाको क्षेत्रमा थोरै लगानीबाट धेरै कामदार राखेर काम गर्दा थप रोजगारीको समेत सृजना भएको छ" डंगोलले भनिन् "यसक्षेत्रको लागि कानून मात्र होइन काम गरिरहेकाहरुलाई प्रोत्साहनका कार्यक्रम पनि सरकारले ल्याउनुपर्छ ।"

जनपत्र मिडियाले संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा बिधेयक समितिमा छलफलमै रहेका बेला सरोकारवाहरुको सुझाब लिने कार्य गरेको मिडियाका अध्यक्ष हरि हुमागाईंले जानकारी दिए ।

उक्त कार्यक्रमबाट आएका सुझावहरुलाई समेटेर तीन महले लिखित समितिलाई बुझाइएको उनले बताए ।

त्यसपछी समिति हुँदै प्रदेश सभाबाट विधेयक पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको छ ।

मिजारले जिते हेटौंडा रनको उपाधि



मकवानपुर । हेटौंडा रन-२०८१ को उपाधि सञ्जिव मिजारले जितेका छन् । हेटौंडा उपमहानगर पालिका खेलकुद विकास समितिको आयोजनामा भएको दोस्रो संस्करणको हेटौंडा रन उपाधि हेटौंडा-१४ का धावक मिजारले हात पारेका हुन् ।

मंगलबार भएको रनको निर्धारित ५ किलोमिटर दुरी २० मिनेट २८ सेकेण्डमा पूरा गर्दै उनले उपाधि जितेका हुन् । यसैगरी हेटौंडा-१५ का निश्चल तितुङले द्वितीय स्थान हासिल गर्न २० मिनेट ४२ सेकेण्डमा निर्धारित दुरी पूरा गरे । यसैगरी २० मिनेट ५१ सेकेण्डमा निर्धारित दुरी पूरा गर्दै हेटौंडा-१८ का अभिषेक रोक्क तृतीय भए । हेटौंडा-१८ का मनिष गोपली चौथो र हेटौंडा-१४ का अमृत सुनार पाँचौ हुँदा हेटौंडा-१८ का रुवि बुलन र राक्सिराङ गाउँपालिकाका सुवास योञ्जन प्रोत्सान पुरस्कार प्राप्त गरे । रन विजेताले नगद २५ हजार, उपविजेताले १५ हजार र तृतीयले १० हजार रुपैयाँ नगद प्राप्त गरे । प्रतियोगितामा चौथो हुनेले ५ हजार, पाँचौले पुरस्कार ३ हजार नगद पुरस्कार प्राप्त गरेको आयोजकले जनाएको छ । दौडका विजेता, उपविजेता तथा अन्य खेलाडीहरुलाई नगर खेलकुद विकास समितिका अध्यक्ष रविन्द्र घिमिरे, हेटौंडा उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलगायतले पुरस्कार वितरण गरेका थिए ।

दौडमा २५ जना सहभागी थिए । सहभागीहरुले हेटौंडा-१०, बुद्धचोकबाट आफ्नो दौड यात्रा सुरु गरेर भैरवरोड, लक्ष्मी आधारभूत विद्यालय, सूर्य चोक, नवोदय, सत्यमचोक, थाहाचोक, शितलमहल चोक, ओमभवनहुँदै पुन: बुद्धचोकमा आएर दौड पूरा गरेका थिए ।

मकवानपुरमा खुला कविता प्रतियोगिता हुने

सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा खुला कविता प्रतियोगिता हुने भएको छ ।

साहित्य संगम मकवानपुरको आयोजना तथा प्रदेश युवा परिषद्, बागमती प्रदेशको व्यवस्थापनमा कविता प्रतियोगिता हुने भएको हो ।

प्रतियोगिता सम्बन्धी आइतबार संगमले सूचना प्रकाशित गरी जानकारी गराएको छ । प्रतियोगिता २८ मंसिर २०८१ मा आयोजना गरिने साहित्य संगम मकवानपुरले जनाएको छ । प्रतियोगितामा प्रथम,द्वितीय, तृतीय र सान्त्वना पुरस्कारको व्यवस्था गरिएको संगम अध्यक्ष बर्तौलाले जानकारी दिए । उनका अनुसार प्रथम पुरस्कार ४० हजार रुपैयाँ द्वितीय पुरस्कार ३० हजार रुपैयाँ तृतीय पुरस्कार २० हजार रुपैया र सान्त्वना पुरस्कार १० हजार रुपैयाँ रहेको छ ।

जुनसुकै विषयका मौलिक कवितालै स्थान पाउने प्रतियोगितामा ४० वर्ष उमेर पुरा नभएका युवाले मात्र भाग लिन पाउने अध्यक्ष बर्तौलाले जानकारी दिए । प्रतियोगितामा भाग लिने कविता बढीमा १५० शब्दको हुनु पर्ने छ भने कुनै पनि सञ्चार माध्यम वा सामाजिक सञ्जालमा प्रकाशित/प्रसारित नभएको हुनुपर्ने बताइएको छ । कविता पठाउँदा उमेर खुल्ने आधिकारिक प्रमाणपत्र र वैयक्तिक विवरण (बायोडाटा) समेत पठाउनु पर्ने नियम रहेको संगम सचिव मनोज पोखरेलले बताए ।

प्रतियोगिताको लागि कविता २० मंसिर अपरान्ह ४ बजेसम्म प्राप्त हुने गरी पठाउनु पर्ने सूचनामा उल्लेख छ ।

निर्धारित समयमा प्राप्त कवितामध्ये उत्कृष्ट २० कविता छनोट गरी अन्तिम प्रतियोगितामा सहभागी गराइने पोखरेलले बताए । उनका अनुसार अन्तिम प्रतियोगितामा कवि स्वयम् उपस्थित भई कविता वाचन गर्नु पर्नेछ ।

उत्कृष्ट २० कविता छनोटको सूचना २४ मंसिरमा प्रकाशित गरिने छ भने कविता sangam.htd@gmail.com मा पठाउनु पर्ने पोखरेलले जनकारी दिए ।

लैङ्गिक हिंसाबाट सचेत बनौं

शारीरिक हिंसा: ☞ कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरुप पार्ने, घरबाट निकाला गर्ने,

मानसिक हिंसा: ☞ गाली गलौज गर्ने, अपमानित गर्ने, डर धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने,

यौनजन्य हिंसा:

☞ यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहब्यापारमा लगाउने,

यस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन्, यस्ता घटना बिरूद्ध सचेत होऔं ।

११ न. वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका, मकवानपुर

मानवअधिकारको सम्मान गरौं

☞ मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,

☞ मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासँग सम्बन्धित छ, श्रमानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,

☞ मानवअधिकार उल्लंघन नगरौं, सबैको मानव अधिकारको सम्मान गरौं,

मानवअधिकारको उल्लंघन भए गरेको पाइएमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

९ न. वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका, मकवानपुर

उपनिर्वाचन लक्षित एकीकृत सुरक्षा केन्द्र बनाइने



○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सुरक्षा समितिको बैठकले १६ मंसिरमा हुने उपनिर्वाचनका लागि एकीकृत सुरक्षा समन्वय केन्द्र निर्माण गर्ने निर्णय गरेको छ ।

मंगलबार हेटौंडास्थित आन्तरिक मामिला तथा कानुनमन्त्रालयमा भएको समितिको बैठकले उपनिर्वाचन हुने प्रदेशका चार वटा जिल्लालाई समेटेर एकीकृत सुरक्षा समन्वय केन्द्र बनाउने निर्णय गरेको मन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

१६ मंसिरमा किर्तिपुर नगरपालिकाको नगर प्रमुखसहित १ र ४ नम्बर वडाको वडा अध्यक्ष, काठमाडौं उपमहानगरपालिका-१६ मा वडा अध्यक्ष, मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१२ मा वडा अध्यक्ष, दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्ष, नुवाकोटको ककनी गाउँपालिकाको २ नम्बर वडाको वडा अध्यक्ष चयनका लागि उपनिर्वाच हुँदैछ ।

उपनिर्वाचन हुने जिल्लाको शान्ति सुरक्षाको रिपोर्टिङलाई एकद्वार प्रणालीबाट व्यवस्थित गर्दै चुस्तदुरुस्त सुरक्षा व्यवस्थापनका लागि एकीकृत सुरक्षा केन्द्रबाट काम गरिने लक्ष्य लिइएको मन्त्री लामिछानेले बताए ।

केन्द्रको संयोजन मन्त्री लामिछानेले गर्नेछन् । केन्द्रको सम्पर्क कार्यालय आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा रहने छ ।

यसैगरी, प्रदेश सुरक्षा समितिको बैठकमा प्रदेशका सुरक्षा निकायका प्रमुखबाट प्राप्त प्रदेशको शान्ति सुरक्षाको सामान्वय अवस्थामाथि समिक्षा भएको छ । उपनिर्वाचनलाई सुरक्षित, निष्पक्ष, भयरहित वातावरणमा सञ्चालन गर्न जिल्ला सुरक्षा समितिहरुसँग भौतिक तथा विद्युतीय माध्यमबाट नियमित सम्पर्कसहित आवश्यक सहयोग आदानप्रदान गर्ने निर्णष गरिएको छ ।

जिल्ला सुरक्षा समितिहरुसँग सहकार्य गरी आवश्यकताको आधारमा स्थलगत निरीक्षण तथा अनुगमन गर्ने, उपनिर्वाचनमा सेना परिचालन गर्ने संघीय सरकारको निर्णयअनुसार सुरक्षाको लागि आवश्यक कार्य गर्ने निर्णय भएको मन्त्री लामिछानेले जानकारी दिए ।

उपनिर्वाचनले चुनावी महोल. . . .

राजेश नगरकोटी, नेकपा माओवादीका र विनकुमार प्रधानले उम्मेदवारी दिएका छन् ।

यसैगरी राप्रपाबाट प्रेमबहादुर भ्लोन, रास्वपाका आशाबिर बल, जसपाका छविलाल वाईबा, मंगोल नेशनल अर्गनाइजेशनका दिपा लामा, नेमकिपाका फुलमाया तितुङ, नेकपा एसबाट बलराम बलले उम्मेदवारी दिएका छन् । यस्तै स्वतन्त्र तर्फ अर्जुन घलान, कुमार पोखरेल,गिताकुमारी नेवार, छत्रप्रकाश अधिकारी, युनेश लामा सिन्तानले उम्मेदवारी दिएको कार्यालयले जनाएको छ ।

त्रिपक्षिय प्रतिष्पर्धा

२०७९ सालको स्थानीय तह निर्वाचनमा प्रमुख तीन दलबीच नै प्रतिस्पर्धा भएको हेटौडा १२ को वडाअध्यक्ष पदमा उपनिर्वाचनमा समेत तीनै दलबीच कडा प्रतिस्पर्धा हुने आकँलन गरिएको छ ।

गत निर्वाचनमा माओवादी केन्द्रका ललितबहादुर घलानले १ हजार ३ सय ७१ मत प्राप्त गरी वडाध्यक्ष पदमा विजयी भएका थिए । उनका प्रतिस्पधी कांग्रेसका अर्जुनप्रसाद तिवारीले १ हजार ३ सय ४० मत प्राप्त गरेका थिए । यस्तै एमालेका राजेश नगरकोटीले १ हजार ३ सय २५ मत प्राप्त गरे ।

गतनिर्वाचनमा उम्मेदवारबीचको मतान्तरमा खासै फरक छैन् । विजय भएका माओवादीका घलान र निकटतम प्रतिद्वन्दी काँग्रेसका तिवारी बीच ३१ मतको मात्र फरक थियो । यस्तै विजयी घलान र तेस्रो स्थानमा रहेका एमालेका नगरकोटी ४६ मतको अन्तर थियो । तिवारी र नगरकोटीबीच भने १५ मतको मात्र फरक थियो ।

गतनिर्वाचनमा तीनै दलका उम्मेदवारले पाएको मतलाई हेर्दा चुनावमा कसले बाजी मार्छ अनुमान लगाउन सक्ने अवस्था भने देखिदैन् । अन्य दलहरुले समेत उम्मेदवारको टुंडो लगाएकोले उपचुनाव निकै प्रतिष्पधी हुने देखिन्छ ।

चुनावी परिणाम आफ्नो पोल्टामा पार्न ३ प्रमुख दल रणनीति तयार गर्न लागि परेका छन् ।

थपिए १५ सय मतदाता

उपनिर्वाचनमा हेटौंडा-१२ मा १ हजार ५ सय ८८ मतदाता थपिएका छन् । निर्वाचन आयोगले आगामी उपनिर्वाचनमा हेटौंडा-१२ को वडा अध्यक्ष पदका लागि ८ हजार ५३ मतदाता कायम गरेको छ । जसमा पुरुष ३ हजार ८ सय ७८, महिला ४ हजार १ सय ७४ र अन्य १ जना मतदाता कायम गरिएको छ ।

२०७९ सालको स्थानीय तह निर्वाचनमा उक्त वडामा ६ हजार ४ सय ६५ मतदाता कायम गरिएको थियो । आयोगले हेटौंडा-१२ मा आगामी उपनिर्वाचनका लागि २ वटा मतदानस्थल कायम गरेको छ भने (वटा मतदान केन्द्र कायम गरेको छ ।

हेटौडा १२ नम्बर यो निर्वाचनले मकवानपुरमा दलहरुको पछिल्लो अवस्थालाई पनि चित्रण गर्ने भएकाले विशेष रुपमा हेरिएको छ । राष्ट्रिय राजनीतिमा उपनिर्वाचनमा चुनावी तालमेल वा सहकार्य गर्ने विषयमा कुनै निर्णय भएको छैन । सवै राष्ट्रिय पार्टीले एक्ला एक्लै चुनावी प्रतिष्पर्धा गर्ने भएका छन् । यसले समेत मकवानपुरको निर्वाचनमा दलहरुबीच चुनावी तालमेल वा सहकार्य हुने देखिदैन् ।

२०७४ सालको निर्वाचनमा वडा अध्यक्ष पदमा नेकपा माओवादी केन्द्रका ललित घलानले सहज विजयी हासिल गरेको हेटौडा १२ मा २०७९ को स्थानीय तह निर्वाचनमा चुनावी गठवन्धन नहुँदा समेत मुस्किलले घलानले साख जोगाएका थिए । उपमहानगरपालिकाको १९ वटा वडामा नेकपा माओवादी केन्द्रले त्यही १ वडामा अध्यक्षमा जितेको थियो । उपनिर्वाचनबाट उक्त पद जोगाउन नसके माओवादीको उपमहानगरपालिकामा उपस्थिति शुन्य हुनेछ ।

नेकपा एमाले एमालेको कार्यपालिका र नगर सभामा बहुमत सदस्य रहेको छ । यस्तो अवस्थामा एमाले जसरी पनि जित हासिल गर्ने दाउमा रहेको छ । उसलाई गठवन्धन नहुँदा आफ्नो उम्मेदवारले जित्नेमा विश्वास छ । त्यसो त काँग्रेस पनि त्यही दाउमा छ । एमालेले एकछत्र राज गरेको नगरमा काँग्रेसले २०७९ निर्वाचनबाट उपप्रमुखसहित ७ वडाको अध्यक्षमा जितेको थियो । थप एउटा अध्यक्ष थप गर्ने दाउमा काँग्रेसले रणनीति बनाउने देखिन्छ । उम्मेदवार चयनमै सकस परेको काँग्रेसलाई जितमा धेरै चुनौती देखिन्छ ।

आगामी मंसिर १६ गते हुने स्थानीय तह उपनिर्वाचन अन्तरगत हेटौंडा-१२ को वडाध्यक्ष पदका लागि उम्मेदवारी दिएका मध्ये २ जनाले आफ्नो उम्मेदवारी फिर्ता लिएका छन् ।

वडा नं। १२ को वडाध्यक्ष पदमा उम्मेदवारी दिएका १४ जनामध्ये दुई जनाले उम्मेदवारी फिर्ता लिएको मुख्य निर्वाचन अधिकृत अवानी मैनाली भट्टर ईले जानकारी दिइन ।

उम्मेदवारी फिर्ता लिनेहरुमा स्वतन्त्र उम्मेद्वारी दिएका युनेश लामा स्याङ्तान र कुमार पोखरेल रहेका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यलयमा उम्मेदवारी फिर्ता लिए पश्चात युनेश लामा स्याङ्तानले पत्रकार सम्मेलन मार्फत प्रेस बिज्ञप्ती जारी गर्दै नेकपा (माओवादी केन्द्र) का उम्मेदवार रबिकुमार प्रधान (रविन) लाई समर्थन गर्ने जानकारी दिएका छन् ।

उपनिर्वाचनका लागि मङ्सिर २ गते उम्मेदवारी दर्ता गर्ने कार्यतालिका छ । सोही अनुसार उम्मेदवारी दर्ता गर्नुपर्नेछ । मङ्सिर २ गते बिहान १ देखि अपराह्न ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने छ । सोही दिन साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ । आयोगका अनुसार २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हालिरहेको स्थानीय तहमा रिक्त रहेको पदमा महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेस गर्न राजनीतिक दललाई निर्देशन दिइएको छ ।

मङ्सिर ३ गते बिहान १) देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ । मंसिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने छभने सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ ।

महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

☞ महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,

☞ हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,

☞ उत्साहित पीडकले थप घटना घटाउन सक्छन्, आफन्त, नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कानुनद्वारा प्रतिबन्धित लागुऔषधहरुको प्रयोग नगरौं, आफ्ना बालबालिकाहरुको साथी संगतमाथि निगरानी राखौं ।

सभ्य र सिर्जनशील समाज निर्माणमा योगदान गरौं ।

लोकहितको लागि ww.saheekhabar.com